# वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

SEROPHERO

अंक २४-२०८१।०८२।०३ २०८१ कार्त्तिक - मंसिर - पौष


## Statement of patients flow for the month of Ashoj 2081

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **2260** | **565** | **2825** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 5 | 1 | 6 |
| CARDIOLOGY | 1177 | 294 | 1471 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 130 | 33 | 163 |
| DENTAL | 1717 | 429 | 2146 |
| DERMATOLOGY & VENEROLOGY | 3368 | 842 | 4210 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 2431 | 608 | 3039 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 961 | 240 | 1201 |
| INTERNAL MEDICINE | 5336 | 1334 | 6670 |
| OBSTETRICS & GYNAECOLOGY | 4002 | 1001 | 5003 |
| OPHTHALMOLOGY | 870 | 218 | 1089 |
| ORTHOPAEDICS | 3328 | 832 | 4160 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 2264 | 566 | 2830 |
| PSYCHIATRY | 1462 | 366 | 1828 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 562 | 141 | 703 |
| SURGERY | 3494 | 874 | 4368 |
| SURGICAL GASTROENTEROLOGY | 70 | 18 | 88 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 865 | 216 | 1081 |
| **Sub Total** | **32043** | **8011** | **40054** |
| **EMERGENCY** | | | |
| CENTRAL | 5446 | 0 | 5446 |
| GYNAE /OBSTETRICS | 885 | 0 | 885 |
| PAEDIATRIC | 1766 | 0 | 1766 |
| **Sub Total** | **8097** | 0 | **8097** |
| **Grand Total :** | **42400** | **8576** | **50976** |
| Paying (EHS) | 2832 | | |
| Nepal Govt Social Insurance | 19567 | | |
| Other Scheme | 22833 | | |
| **Ward IPD** | **3109** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **176** | | |
| *NICU/PICU/MICU/Nursery* | **126** | | |
| *Dialysis* | **1741** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## Statement of patients flow for the month of Kartik 2081

| OPD | Total Reg | Follow up within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **2679** | **670** | **3349** |
| **SPECIAL OPD** | | | |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 8 | 2 | 10 |
| CARDIOLOGY | 1368 | 342 | 1710 |
| CTVS (CARDIOTHORACIC AND VASCULAR SURGERY) | 231 | 58 | 289 |
| DENTAL | 2337 | 584 | 2921 |
| DERMATOLOGY & VENEROLOGY | 4191 | 1048 | 5239 |
| ENT/OTORHINOLARYNGOLOGY AND HEAD & NECK SURGERY | 2895 | 724 | 3619 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1203 | 301 | 1504 |
| INTERNAL MEDICINE | 5923 | 1481 | 7404 |
| OBSTETRICS & GYNAECOLOGY | 4484 | 1121 | 5605 |
| OPHTHALMOLOGY | 1145 | 286 | 1431 |
| ORTHOPAEDICS | 4245 | 1061 | 5306 |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 2491 | 623 | 3114 |
| PSYCHIATRY | 1861 | 465 | 2326 |
| PULMONARY, CRITICAL CARE & SLEEP MEDICINE | 600 | 150 | 750 |
| SURGERY | 3963 | 991 | 4954 |
| SURGICAL GASTROENTEROLOGY | 71 | 18 | 89 |
| OTHER DEPARTMENT in Midas software (Come for investigation purpose only) | 1119 | 280 | 1399 |
| **Sub Total** | **38135** | **9534** | **47669** |
| **EMERGENCY** | | | |
| CENTRAL | 5291 | 0 | 5291 |
| GYNAE /OBSTETRICS | 913 | 0 | 913 |
| PAEDIATRIC | 1658 | 0 | 1658 |
| **Sub Total** | **7862** | 0 | **7862** |
| **Grand Total :** | **48676** | **10204** | **59115** |
| Paying (EHS) | 3010 | | |
| Nepal Govt Social Insurance | 22154 | | |
| Other Scheme | 26522 | | |
| **Ward IPD** | **3212** | | |
| *ICU/CCU/PCCU/IMCCU/SICU* | **212** | | |
| *NICU/PICU/MICU/Nursery* | **112** | | |
| *Dialysis* | **1771** | | |

***Source: Hospital Administration***
***Prepared by Information and Communication Center***

## प्रतिष्ठानमा DM, Critical Care Medicine को पाठ्याक्रम तर्जुमा सम्बन्धी कार्याशाला गोष्ठी सम्पन्न



प्रतिष्ठानको आयोजना तथा एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर विभागको तत्वावधानमा प्रतिष्ठानमा Critical Care Medicine विषयमा DM शैक्षिक कार्यक्रम संचालनार्थ आवश्यक पाठ्यक्रम तर्जुमा गर्नका लागि Health Professions Education (HPE) विभागको तालिम कक्षमा २०८१ असोज ६ र ७ गते अन्तर्राष्ट्रिय स्तरको दुई दिने कार्यशाला गोष्ठी सम्पन्न भएको छ ।

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं । प्रतिष्ठानमा भव्य रुपमा सम्पन्न भएको १३औं दीक्षान्त समारोहको विशेषाङ्क प्रकाशन गर्ने क्रममा सेरोफेरोको गत कार्त्तिक र मंसिर महिनाको अंक प्रकाशन गर्न नसकिएकोले यहाँहरु समक्ष क्षमाप्रार्थी छौं ।

- सूचना तथा सञ्चार केन्द्र

उपकुलपति डा. ज्ञानेन्द्र गिरीज्यूको अध्यक्षतामा सम्पन्न उक्त गोष्ठीकी प्रमुख अतिथि छिमेकी राष्ट्र भारतको नयाँ दिल्ली स्थित All India Institute of Medical Sciences (AIIMS) को Anaesthesiology, Pain Medicine and Critical Care विभागकी प्राध्यापक डा. विमी रेवारी हुनुहुन्थ्यो ।

उपकुलपतिज्यू, शिक्षाध्यक्ष प्रा.डा. संजिब कुमार शर्माज्यू, अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यू तथा डीन, शैक्षिक, प्रा.डा. शिवेन्द्र झाले संयुक्त रुपमा पालामा बत्ती बालेर सफलताको शुभकामना सहित गोष्ठीको उद्‌घाटन गर्नु भएको थियो ।



गोष्ठीमा प्रतिष्ठानका तर्फबाट विज्ञका रुपमा एनेस्थेसियोलोजी एण्ड क्रिटिकल केयर विभागबाट विभागीय प्रमुख तथा डीन, परीक्षा, प्रा.डा. कृष्णा पोखरेल; प्रा.डा. बालकृष्ण भट्टराई; प्रा.डा. बिरेन्द्र प्रसाद साह; प्रा.डा. सिन्धु खतिवडा; डा. परिनिता थापा; डा. सबिन भण्डारी तथा डा. रिया सिंह सहभागी हुनुहुन्थ्यो ।

त्यसैगरी, फिजियोलोजी विभागबाट प्रा.डा. विष्णुहरि पौडेल; पल्मोनरी, क्रिटिकल केयर एण्ड स्लिप मेडिसिन विभागका प्रमुख प्रा.डा. नरेन्द्र भट्ट; पेडियाट्रिक्स् विभागकी प्रमुख प्रा.डा. नीशा केशरी भट्ट; अर्थोपेडिक्स् विभागका प्रमुख प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठ; साइकियाट्री विभागका प्रमुख प्रा.डा. धनरत्न शाक्य; मेडिसिन विभागका प्रमुख प्रा.डा. रोबिन मास्के; हेल्थ प्रोफेसन्स एजुकेशन विभागकी प्रमुख प्रा.डा. अन्जु प्रधान; सर्जरी विभागका प्रमुख प्रा.डा. सुरेश प्रसाद शाह; रेडियोलोजी विभागका प्रमुख प्रा.डा. मुकेश कुमार गुप्ता; सिटिभिएस् विभागका प्रमुख डा. लोकेश शेखर जयसवाल; जीआई सर्जरी विभागका डा. कुणाल बिक्रम देव तथा मेडिसिन विभागका डा. राजिव शर्मा सहभागी हुनुहुन्थ्यो ।

त्यसका साथै, प्रतिष्ठान बाहिरबाट चिकित्सा विज्ञान प्रतिष्ठान, टिचिङ्ग हस्पिटलका प्रा.डा. सुभाष प्रसाद आचार्य तथा प्रा.डा. गेह राज दाहाल; बीर हस्पिटलबाट प्रा.डा. रवि राम श्रेष्ठ; नेपाल मेडिकल काउन्सिलबाट डा. सतिश कुमार देव तथा संयुक्त राज्य अमेरिकामा अवस्थित डुक युनिभर्सिटीकी मेडिकल अन्कोलोलोजिष्ट Prof. Dr. Melanie B. Thomas विज्ञका रुपमा सहभागी हुनुहुन्थ्यो भने भारतको भेल्लोर स्थित Christian Medical College का डेपुटी डाइरेक्टर तथा Critical Care विभागका प्रमुख प्रा.डा. बिनिला चाको तथा Surgical ICU विभागका प्रमुख प्रा.डा. के. सुब्रमनी जुम मिटिङ्गका माध्यमबाट गोष्ठीमा सहभागी हुनुहुन्थ्यो ।

कार्यक्रममा विभागीय प्रमुख प्रा.डा. पोखरेलले स्वागत मन्तव्य दिनु भएको थियो भने गोष्ठीको महत्व र उदेश्य बारे डा. भण्डारीले प्रकाश पार्नु भएको थियो। मन्तव्यको क्रममा वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान लगायत अन्य प्रतिष्ठानहरुमा शुरु हुँदै गरेका तथा संचालनमा रहेका DM शैक्षिक कार्यक्रमका बारेमा प्रा.डा. रेवारी, प्रा.डा. आचार्य, प्रा.डा. नरेन्द्र भट्ट, प्रा.डा. नीशा केशरी भट्टले आ-आफ्नो अनुभव साझा गर्नु भएको थियो । त्यसैगरी, प्रा.डा. श्रेष्ठले पाठ्यक्रम तर्जुमाको अवधारणा बारे तथा प्रा.डा. प्रधानले प्रतिष्ठानमा संचालित Health Professions Education बारे आ-आफ्नो अनुभव बाँड्नु भएको थियो ।

मन्तव्यको क्रम पश्चात् कार्यक्रमलाई अगाडी बढाउने क्रममा वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानमा उक्त पाठ्याक्रम तर्जुमा गर्ने सम्बन्धमा Panel Discussion गरिएको थियो । गोष्ठीमा सहभागी विज्ञहरुले Delphi Format मा गर्नु भएको उक्त Panel Discussion लाई डा. सबिन भण्डारीले मध्यस्थता गर्नु भएको थियो । पाठ्यक्रममा समावेश गरिएका प्रत्येक शिर्षकमा विज्ञहरुले आ-आफ्नो राय प्रस्तुत गर्नु भएको थियो भने प्रा.डा. चाको तथा प्रा.डा. सुब्रमनीले जुम मिटङ्गका माध्यमबाट आ-आफ्नो राय प्रस्तुत गर्नु भएको थियो ।



पहिलो दिन उक्त छलफलका क्रममा सर्वसम्मत रुपमा पारित भएका निर्णयहरुलाई समाविष्ट गरी तयार पारिएको पाठ्यक्रमको प्रारुप तयार पारिएको थियो भने दोश्रो दिन पाठ्याक्रमलाई अन्तिम रुप दिन डा. भण्डारीले विज्ञहरुमाझ पाठ्यक्रमको प्रारुपलाई प्रस्तुत गर्नु भएको थियो । प्रा.डा. पौडेल, प्रा.डा. दाहाल तथा डा. देवको अन्तिम सुझाव पश्चात् पाठ्याक्रमले अन्तिम रुप पाएको थियो ।

कार्यक्रमको अत्यमा प्रा.डा. खतिवडाले धन्यवाद मन्तव्य दिनु भएको थियो भने प्रा.डा. भट्टराईले समापन मन्तव्य दिनु भएको थियो । तत्पश्चात् गोष्ठीमा सहभागी सम्पूर्णलाई प्रा.डा. भट्टराई तथा प्रा.डा. साहले प्रमाणपत्र वितरण गर्नु भएको थियो ।

## प्रतिष्ठानमा योजना, अनुगमन तथा मुल्यांकन समिति गठन

प्रतिष्ठानबाट तर्जुमा गरिएको योजना अनुसार सो कार्यहरु प्रभावकारी ढंगले संचालन भए नभएको अनुगमन गर्न, परिणाममुखी भए / नभएको निर्क्यौल गर्न र कार्यहरु सम्पादनको सिलसिलामा देखा परेका समस्या एवम् कठिनाईहरुको पहिचान गरी सुधारका लागि प्रभावकारी उपायहरुको खोजी गरी आवश्यक सल्लाह-सुझाव प्रतिष्ठान व्यवस्थापन लाई दिने उद्देश्यका लागि प्रतिष्ठानमा योजना, अनुगमन तथा मूल्यांकन महाशाखाको स्थापना गरिइएको छ ।

उक्त महाशाखाले गर्नुपर्ने कार्यहरु प्रभावकारी ढंगले सम्पादन गर्न तथा परिणाममुखी बनाउन प्रतिष्ठानको कार्यकारिणी समितिको निर्णय बमोजिम ११ सदस्यीय योजना, अनुगमन तथा मुल्यांकन समितिको गठन भएको छ । मिति २०८१ असोज १५ गते गठन भएको उक्त समितिले दिइएको जिम्मेवारी अनुसारको कार्य समेत सक्रिय रुपमा सुचारु गरिसकेको छ ।



उक्त समितिको संयोजकमा हाडजोर्नी विभागका प्रमुख प्रा.डा. बिक्रम प्रसाद श्रेष्ठ हुनुहुन्छ भने सदस्यहरुमा पेडोडोन्टिक्स एण्ड प्रिभेन्टिभ डेन्टिष्ट्री विभागकी प्रमुख प्रा.डा. बन्दना कोइराला; चिफ, स्कूल अफ पब्लिक हेल्थ एण्ड कम्युनिटी मेडिसिन, प्रा.डा. अनुप घिमिरे; चिफ, कलेज अफ नर्सिङ्ग, प्रा. रमानन्द चौधरी; सहायक अस्पताल निर्देशक डा. दिपेन्द्र प्रसाद सर्राफ; बायोकेमेष्ट्री विभागका एडिसनल प्रोफेसर सेराज अहमद खान, योजना, अनुगमन तथा मुल्यांकन महाशाखाका प्रमुख तथा मेनेजर श्री दिनेश राज दाहाल; आर्थिक प्रशासन महाशाखाका प्रमुख तथा सि.ए. श्री अमित कडौगिया, शैक्षिक प्रशासन महाशाखाका प्रमुख तथा डेपुटी मेनेजर श्री प्रकाश श्रेष्ठ, कर्मचारी प्रशासन शाखाका प्रमुख तथा डेपुटी मेनेजर श्री विष्णु चापागाँई र अस्पताल प्रशासन महाशाखाका प्रमुख तथा डेपुटी मेनेजर श्री अशोक शाह हुनुहुन्छ ।

समितिको कार्यकाल २०८१ असोज १५ गतेदेखि लागु भई ३ वर्षका लागि हुनेछ । उक्त समितिले विभिन्न क्षेत्रगत उपसमितिहरु बनाई आफ्नो कार्य सम्पादन गर्न सक्ने समेत प्रावधान रहेको छ ।

## आईसियूका बिरामीका लागि आइसियूमै डाइलाइसिस सेवा सञ्चालन

प्रतिष्ठानको आईसियूमा भर्ना भइ उपचार गराइरहेका बिरामीहरुको डाइलाइसिस गराउनु पर्ने अवस्था आएमा वा डाइलाइसिस गर्नुपर्ने बिरामीहरुलाई आइसियूमा राखेर उपचार गराउने अवस्था आएमा त्यस्ता बिरामीलाई आइसियू भित्रै डाइलाइसिस गराउन सकिने व्यवस्था गरिएको छ । एनेस्थेसियोलोजी तथा क्रिटिकल केयर विभाग र इन्टर्नल मेडिसिन विभागको समन्वयमा २०८१ भाद्र देखि प्रतिष्ठानमा उक्त सेवा विस्तार गरिएको हो ।



आइसियूका बिरामीहरु अत्यन्तै संवेदनशील अवस्थाका हुन्छन् । त्यस्ता बिरामीहरुलाई आइसियू देखि डाइलाइसिस गर्ने ठाउँसम्म पुऱ्याउँदा-ल्याउँदा कुनै अप्रिय घटना समेत घट्न सक्ने जोखिम हुन्छ । अर्कोतर्फ, आइसियूका बिरामीहरुका लागि भनेर डाइलाइसिस युनिटमा छुट्याइएको बेडहरु प्रयोगमा ल्याई अब उप्रान्त नियमित रुपमा सेवा पाइरहेका डाइलाइसिसका बिरामीहरुले बाहेक अन्य थप बिरामीहरुले समेत सेवा पाउन सक्ने भएका छन् । बिरामी हितका यस्ता विषयहरुलाई मध्यनजर राख्दै प्रतिष्ठानले यो सेवा विस्तार गरेको हो ।

हालका लागि दुईवटा डाइलाइसिस मेसिन तथा छवटा डाइलाइसिस पोर्टबाट SLEDD तथा IHD सेवा प्रदान गरिँदै आइएको छ भने भविष्यमा आइसियूको प्रत्येक बेडमा हेमोडाइलाइसिस गर्नसक्ने गरी थप मेसिन र पोर्टहरु जडान गर्ने योजना रहेको छ । त्यसका साथै, निकट भविष्यमै आइसियूभित्र Plasmapheresis सेवा समेत शुरु गर्ने प्रतिष्ठानको योजना रहेको छ ।

## प्रतिष्ठानमा HIPC सम्बन्धी डेढ महिने तालिम सम्पन्न



प्रतिष्ठानको आयोजना तथा Hospital Infection and Prevention Team लगायत अस्पताल नर्सिङ्ग सेवा शाखाको तत्वावधानमा २०८१ श्रावण २७ देखि २०८१ असोज १० गतेसम्म Hospital Infection Prevention and Control (HIPC) सम्बन्धी डेढ महिने तालिम सफलतापूर्वक सम्पन्न भएको छ । प्रतिष्ठानमा Hospital Acquired Infection (HAI) सम्बन्धी गतिविधीलाई सुदृढीकरण गर्न Infection Prevention and Control (IPC) Link Nurse हरुलाई दिइएको उक्त तालिममा विभिन्न वार्डका गरी १ सय १४ जना IPC Link Nurse हरुको सहभागिता रहेको थियो । सहभागी १ सय १४ जना मध्ये प्रत्येक समुहमा २२ या २३ जना हुने गरी सबैलाई ५ समुहमा विभाजन गरी समुह समुहलाई सम्बन्धित वार्ड वार्डमा गएर क्रमागत रुपमा तालिम दिइएको थियो ।

प्राक्टिकल तथा प्रदर्शनीको माध्यमबाट दिइएको उक्त तालिमको प्रशिक्षक तथा सहयोगी समुहमा प्रा.डा. रत्ना बराल, डा. प्रतिमा साह, डा. रिन्कु कुमारी, नर्सिङ्ग अफिसरद्वय श्री कबिता ढकाल तथा श्री सितल शर्मा लगायत स्टाफ नर्स श्री नपुना पोखेल हुनुहुन्थ्यो ।

उक्त तालिम कार्यक्रमको समापन २०८१ असोज १५ गते अडिटोरियममा सम्पन्न भएको थियो । अस्पताल निर्देशक डा. जगत नारायण प्रसादज्यूको अध्यक्षता तथा शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यूको प्रमुख आतिथ्यमा सम्पन्न उक्त समापन कार्यक्रममा मेट्रोन श्री कला थापा, डेपुटी मेट्रोन श्री विष्णुमाया

तामाङ्ग, वार्ड ईन्चार्जहरु लगायत नर्सिङ्ग कर्मचारीहरुको उपस्थिति रहेको थियो ।



कार्यक्रममा तालिम प्राप्त गर्न सफल सम्पूर्ण Link Nurse हरुलाई शिक्षाध्यक्षज्यू, अस्पताल निर्देशकज्यू, मेट्रोन तथा डेपुटी मेट्रोनले प्रमाणपत्र प्रदान गर्नु भएको थियो ।

## प्रतिष्ठानमा बायो-इथिक्स दिवस - २०२४ सम्पन्न



'भावी पुस्ताको संरक्षण' (Protecting Future Generations) भन्ने अवधारणामा प्रतिष्ठानमा यस वर्षको विश्व बायो इथिक्स दिवस मनाइएको छ। बायो इथिक्स नेपाल एकाईको आयोजनामा गत अक्टोबर १४, २०२४ का दिन विभिन्न चेतनामूलक कार्यक्रम तथा निबन्ध, कविता, चित्रकला पोस्टर, शोध पोस्टर, फोटोहरुको प्रदर्शनी आदिको प्रतियोगिता सहित सम्पन्न भएको उक्त कार्यक्रममा प्रतिष्ठान लगायत नेपालका विभिन्न मेडिकल कलेजहरुको समेत सहभागिता रहेको थियो ।

बायो इथिक्स नेपाल एकाईका प्रमुख तथा नेपालका लागि कार्यक्रमका संयोजक एवम् प्रतिष्ठानको मानसिक रोग विभागका प्रमुख प्रा.डा. धनरत्न शाक्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा प्रतिष्ठानका शैक्षिक डीन प्रा.डा. शिवेन्द्र झाले शुभकामना मन्तव्य तथा बधाई सन्देश दिनु भएको थियो । एकाई प्रमुख प्रा.डा. शाक्यको परिचयात्मक र स्वागत मन्तव्य रहेको उक्त कार्यक्रमलाई बायोइथिक्स विद्यार्थी संकायका अक्षता वस्ती र क्रिस आचार्यले सञ्चालन गर्नु भएको थियो । कार्यक्रममा डा. गजेन्द्र बिराजी, प्रतियोगिताका निर्णायकहरुका तर्फबाट श्री बसन्त गेलाल र विद्यार्थी प्रस्तोता ओमकुमारले आ-आफ्ना प्रस्तुति राख्नु भएको थियो । विद्यार्थी संकायका सल्मान हैदर हुसेन र रिचा कोइरालाले संकायका विविध कार्यक्रमहरुका बारेमा जानकारी गराउँदै आफुले हासिल गरेका अनुभवहरुका बारेमा बताउनु भएको थियो ।

कार्यक्रममा प्रतियोगिताका विजेताहरुलाई पुरस्कृत समेत गरिएको थियो । यस सिलसिलामा प्रा.डा. रविराम श्रेष्ठ, प्रा.डा. रोबिन मास्के, डा. अशोक ऐर तथा श्री बसन्त गेलाल निर्णायक रहनु भएको फोटोग्राफी प्रतियोगितामा सुरजा शाक्य, आसु झा र शशांक भट्टराई प्रथम, द्वितीय र तृतीय हुनु भएको थियो । प्रा.डा. रविराम श्रेष्ठ, प्रा.डा. रोबिन मास्के, प्रा.डा. सरुन कोइराला, डा. किशोर गुरुङ र श्री बसन्त गेलाल निर्णायक रहनु भएको आर्ट पोष्टर प्रतियोगितामा रजनी न्यौपाने, असिम भट्टराई र सुरजा शाक्य पुरस्कृत हुनु भएको थियो भने प्रा.डा. रविराम श्रेष्ठ, प्रा.डा. रोबिन मास्के तथा श्री बसन्त गेलाल निर्णायक रहनु भएको अनुसन्धान पोष्टरमा चित्तकला पाण्डे, साहिल रञ्जन, रवि शाहको टोली र सिद्धार्थ गुप्ता, बालिका दाहाल, नकेन्द्र मल्ल, रिजन मल्लको टोली पुरस्कृत हुनु भएको थियो । त्यसैगरी, प्रा.डा. धनरत्न शाक्य, खेम सुबेदी र डा. रिता खड्का निर्णायक रहनु भएको निबन्ध प्रतियोगितामा सत्यम मण्डल, ओमकुमार र पपुलर पोखरेल तथा प्रा.डा. धनरत्न शाक्य, डा. अशोक ऐर, डा. किशोर गुरुङ र डा. रिता खड्का निर्णायक रहनु भएको कविता प्रतियोगितामा सुयोग झा, बिक्रम राना र पपुलर पोखरेल पुरस्कृत हुनुभएको थियो । प्रा.डा. धनरत्न शाक्यबाट निर्देशित नेपालका तर्फबाट सहभागी चित्तकला पाण्डे, साहिल रञ्जन, रवि शाहको टोलीको अनुसन्धान पोस्टर यस वर्षको अन्तर्राष्ट्रिय प्रतियोगितामा तृतीय भएको छ ।

कार्यक्रममा संयोजक तथा नेपाल एकाई प्रमुख प्रा.डा. शाक्यले बायो इथिक्स बारे छलफल, अध्ययन, मन्थन र मनन् गर्ने यस्ता अवसर र कार्यक्रमहरु नियमित र बिस्तारित हुँदै जाने शुभेच्छा राख्नु भएको थियो । वहाँले यस वर्षको नाराले वर्तमान पिँढीलाई भावी पुस्ताको लागि पनि साधन, श्रोत, स्वास्थ्य, संस्कार, नीति, क्षमता र अधिकार सुनिश्चित हुने हिसाबले व्यवहार गर्न, निर्णय लिन र जीवन जिउन आव्हान गरेको धारणा राख्नु भयो । विश्वभरि नै सञ्जाल रहेको बायो-इथिक्स समूहमा नेपाल सन् २०१३ मा संलग्न भएको हो । सन् २०१६ देखि अक्टोबर १९ मा विश्व बायो-इथिक्स दिवस मनाउँदै आइएको छ । युनेस्कोको बायोइथिक्स चेयरले चिकित्सा, स्वास्थ्य र जीवन विज्ञान क्षेत्रमा शिक्षा, सेवा र अनुसन्धानमा नीतिनियम (इथिक्स)को अध्यापन, तालिम र अनुसन्धानको लागि जोड दिएको छ ।

## प्रतिष्ठानमा स्ट्रोक सम्बन्धी सप्ताहव्यापी कार्यक्रम सम्पन्न

विश्व स्ट्रोक दिवसको अवसरमा प्रतिष्ठानको आयोजना तथा स्ट्रोक टिम र सो को विद्यार्थी शाखाको तत्वावधानमा विभिन्न कार्यक्रमहरु गर्दै स्वास्थ्य सचेतनामूलक सप्ताहव्यापी कार्यक्रम सम्पन्न भएको छ । "Be Greater Than Stroke" नारा रहेको उक्त कार्यक्रमले स्ट्रोक रोकथाम सम्बन्धमा जनचेतना फैलाउने, स्वस्थ जीवनशैलीको महत्वबारे जनमानसलाई सुसूचित गर्ने तथा समुदायमा गएर आधारभूत स्वास्थ्य सेवा प्रदान गर्ने जस्ता कार्य गरेको थियो ।

उक्त सप्ताहव्यापी कार्यक्रमलाई चार चरणमा विभाजन गरिएको थियो । जस अनुरुप प्रथम चरणमा 'सक्रिय जीवनशैलीको प्रवर्द्धन' शिर्षक राखी चुस्त दुरुस्त र स्वस्थ शरिरका लागि दौडने,

व्यायाम गर्ने, योगा गर्ने, क्रिकेट खेल्ने, फुटबल खेल्ने आदि जस्ता गतिविधिहरुमा सक्रिय रुपमा संलग्न व्यक्तित्वहरुसँग कार्यक्रमको ब्यानर सहित फोटो खिच्ने कार्य गरियो । 'योग प्रशिक्षण सत्र' शिर्षक दिइएको दोश्रो चरणको कार्यक्रममा स्ट्रोक टिमका सदस्यहरूका लागि मानसिक र शारीरिक स्वास्थ्य सुदृढ गर्न योग अभ्यास गराउने तथा प्रशिक्षण दिने कार्य गरियो । तेश्रो चरणको 'सचेतना प्रश्नोत्तर कार्यक्रम' शिर्षक अन्तर्गत समुदायमा रहेका आर्थिक रूपमा कमजोर वर्गलाई लक्षित गरी स्ट्रोक सम्बन्धी प्रश्नोत्तर सत्र सञ्चालन गरियो र सही उत्तर दिने सहभागीहरूलाई पुरस्कार प्रदान गरियो ।

चौथो चरणमा समुदायमा गएर निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । जस अनुरुप धनुषा जिल्लाको विदेह नगरपालिका, वार्ड नं ७ मा पर्ने गिद्धा गाउँमा गएर निःशुल्क स्वास्थ्य शिविर आयोजना गरिएको थियो । शिविरमा १५० भन्दा बढी मानिसहरूलाई सेवा प्रदान गरिएको थियो । उक्त शिविरमा जाँच गर्न आएकाहरुका लागि निःशुल्क रुपमा मधुमेहको जाँच लागि ब्लड सुगर परीक्षण, उच्च रक्तचापको जाँच आदि गरिएको थियो भने आवश्यकता अनुसार प्राथमिक स्वास्थ्य परामर्श दिइएको थियो । स्वास्थ्य जाँचसँगै सहभागीहरूलाई स्ट्रोकका प्रारम्भिक लक्षण, जोखिम कारकहरू (जस्तै, धूम्रपान, अस्वस्थ भोजन, रगतको उच्च दबाव) र रोकथामका उपायहरूबारे सचेतनामूलक जानकारीहरु दिइएको थियो । सहभागीहरूलाई रोगको जोखिम घटाउन आवश्यक सुझाव र सन्देशसहितका पर्चा समेत वितरण गरियो । शिविर सञ्चालनका लागि चिकित्सकहरू, स्वास्थ्यकर्मीहरू र विद्यार्थीहरूको टोलीले सामूहिक रूपमा काम गरेका थिए ।

उक्त सप्ताहव्यापी कार्यक्रको समापन समारोह अक्टोबर २६, २०२४ तद्नुसार २०८१ कार्तिक १० गतेका दिन प्रतिष्ठानको अडिटोरियममा सम्पन्न भएको थियो । सो समापन कार्यक्रममा डा. भूपेन्द्र शाहले नेपालमा स्ट्रोक सेवाको अवस्थाबारे प्रस्तुति दिनुभएको थियो भने विद्यार्थी शाखाका गतिविधि र तथ्याङ्क बारे ऋतिक राज पासवानले प्रस्तुती दिनु भएको थियो । त्यसैगरी, आरएन रमला गुरागाँईले आफ्नो अनुभव र स्ट्रोक टिम सदस्यको SWOT विश्लेषण साझा गर्नुभयो । कार्यक्रमका क्रममा डा. उज्वल रिजालले स्ट्रोक क्विजको सञ्चालन गर्नु भएको थियो जसले सहभागीहरूलाई सक्रिय रूपमा सचेत गराएको थियो ।

उक्त कार्यक्रममा ऋतिक राज पासवान र आरएन रमला गुरागाँईलाई स्ट्रोक हिरो अवार्ड प्रदान गरिएको थियो भने विभिन्न वडाका कर्मचारी, स्वयंसेवक र सामाजिक कार्यकर्ताहरूलाई समेत सम्मान गरिएको थियो । कार्यक्रमले स्वास्थ्य सेवामा पहुँच पुऱ्याउनुका साथै समुदायमा स्ट्रोक रोकथाम र जीवनशैली परिवर्तनका लागि ठोस सन्देश दिन सफल रहेको बारे सहभागीहरुले प्रतिक्रिया दिएका थिए ।

## एकद्वार संकट व्यवस्थापन केन्द्रद्वारा १६ दिने अभियान सम्पन्न




प्रतिष्ठानको एकद्वार संकट व्यवस्थापन केन्द्र (One stop Crisis Management Center – OCMC) को तत्वावधानमा लैङ्गिक हिंसा विरुद्धको १६ दिने अन्तर्राष्ट्रिय अभियान प्रतिष्ठान तथा समुदायमा विभिन्न कार्यक्रमहरु गर्दै सम्पन्न भएको छ । "हामी सबैको प्रतिबद्धताः लैङ्गिक हिंसा अन्त्यको लागि ऐक्यबद्धता" यस वर्षको नारा रहेको उक्त अभियान लैङ्गिक हिंसा सम्बन्धी विभिन्न सचेतनामूलक कार्यक्रमहरु गर्दै नोभेम्बर २५ देखि डिसेम्बर १०, २०२४ तद्नुसार २०८१ मंसिर १० देखि २५ गतेसम्म चलाइएको थियो ।

अभियानको पहिलो दिन शान्ती ऱ्यालीको आयोजना गरिएको थियो । ईलाका प्रहरी कार्यालय, धरानको समेत सहकार्य रहेको उक्त ऱ्यालीमा प्रतिष्ठानका शिक्षक, कर्मचारी, विद्यार्थीहरु लगायत प्रहरी कर्मचारीहरुको सहभागिता रहेको थियो । प्रतिष्ठानको जीओपीडी प्राङ्गणबाट शुरु भएको ऱ्याली बुद्ध चौक, पुतली लाइन, भानुचौक, भोटेपुल, धनकुटे रोड हुँदै पुनः प्रतिष्ठानमा फर्किएर समापन भएको थियो । ऱ्यालीमा लैङ्गिक हिंसा सम्बन्धी विभिन्न सचेतनामूलक संदेशहरु लेखिएका प्लेकार्डहरु प्रदर्शनी गरी समुदायमा सचेतना फैलाइएको थियो । नोभेम्बर २५ को शुरुवात हिंसा (Violence) विरुद्ध भएको र सो का लागि जागरुकता श्रृजना गर्न Violence शब्दको V अक्षरलाई उल्टो बनाएर सेतो रिबन लगाईको थियो ।




अभियानको दोश्रो दिन धरान १९ स्थित किराँतेश्वर माध्यामिक विद्यालयमा सचेतनामूलक कार्यक्रमहरु गरिएको थियो । विद्यालयमा कक्षा ७ देखि १० सम्म अध्ययनरत विद्यार्थीहरु लगायत प्रधानाध्यापक सहित शिक्षक-शिक्षीकाहरुलाई सहभागी गराइएको उक्त कार्यक्रममा सेतो रिबनको महत्व, OCMC को बारेमा जानकारी, लैङ्गिक हिंसा भनेको के हो भन्ने बारे जानकारी लगायत यस्तो किसिमको हिंसाको विरुद्धमा आवाज उठाउनु पर्छ भन्ने अभिप्रायका सन्देशमूलक कार्यक्रमहरुको आयोजना गरिएको थियो । यसका साथै प्रतिष्ठानको OCMC मा के कस्ता घटना घटेका विरामीहरु आउने गरेका छन् र त्यस्ता विरामीहरुको उपचार तथा अन्य व्यवस्थापन के कसरी भइरहेको छ भन्ने बारे भिडियो प्रदर्शनीको माध्यमबाट जानकारी गराइएको थियो ।

अभियानको अन्तिम दिन धरान उपमहानगरपालिकाको संयोजकत्वमा आयोजना गरिएको एक कार्यक्रममा प्रतिष्ठानका तर्फबाट यहाँ हालसम्म उपचार गराइएका हिंसापिडित विरामीहरुको विवरण तथा तथ्यांक प्रस्तुत गर्दै त्यहाँ उपस्थितहरुको जानकारीका लागि OCMC तथा सो को बजेट व्यवस्थापनको बारेमा अवगत गराइएको थियो ।



एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) भनेको सबै लैङ्गिक हिंसा प्रभावित महिला, बालबालिका तथा पुरुषहरुलाई एकिकृत रुपमा बिना भेदभाव गुणस्तरिय स्वास्थ्य सेवा, चिकित्साजन्य प्रमाण संकलन र संरक्षण, आवश्यक मनोविमर्श सेवा, आवश्यक सुरक्षा व्यवस्था र परिवार वा समुदायमा पुनर्स्थापना, जिविकोपार्जन तथा कानुनी सहयोग र सुरक्षित आवास उपलब्ध गराउने उदेश्यले देशको तोकिएका जिल्लाको केन्द्र, प्रदेश वा जिल्ला अस्पतालहरुमा स्थापना गरिएको संकट व्यवस्थापन केन्द्र हो । जस अन्तर्गत वि.सं. २०७७ देखि प्रतिष्ठानमा पनि उक्त केन्द्र स्थापना भई लैङ्गिक हिंसा प्रभावित र पिडितहरुलाई समेत स्वास्थ्य लगायतका सूचिकृत सबै सेवाहरु उपलब्ध गराउँदै आइरहेको छ ।

## विद्यार्थी कल्याण समाजको निर्वाचन सम्पन्न

प्रतिष्ठानमा विद्यार्थी कल्याण समाजको तेश्रो कार्यसमितिका लागि निर्वाचन सम्पन्न भई सपथग्रहणको कार्यक्रम समेत सम्पन्न भएको छ । प्रतिष्ठानको संचालक परिषद्को ३२औं सभाको निर्णय एवम् कार्यकारिणी समितिबाट विद्यार्थी कल्याण समाज, २०७२ पारित भएको हो । प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्माज्यूबाट एनाटोमी विभागका प्रमुख प्रा.डा.शमशेर श्रेष्ठको अध्यक्षतामा गठित सात सदस्यीय निर्वाचन समितिले गत २०८१ असोज ५ गते निवार्चन सफलतापूर्वक सम्पन्न गरेको थियो ।



निर्वाचनमा १२७८ खसेको मत मध्ये ४५५ मत प्राप्त गरेर अध्यक्षमा नवराज कुमार देव निर्वाचित हुनु भएको थियो । समाजको महासचिवमा भने सुविन कुमार साह निर्विरोध निर्वाचित हुनु भएको थियो भने वरिष्ठ उपाध्यक्षमा भने ६३७ मत ल्याउँदै मो. महमुद नुरी विजयी हुनु भएको थियो । त्यसैगरी, उपाध्यक्षमा जुनियर रेजिडेन्ट तर्फ डा. विशाल गुरुङ्ग निर्विरोध निर्वाचित हुनुभएको थियो भने एमबिबिएस तर्फ सदिच्छा न्यौपाने ६३१ मत, बिडिएस तर्फ नागेन्द्र यादव ४९५ मत तथा नर्सिङ्ग तर्फ कान्तिपुर बास्तोला ७१९ मत ल्याउँदै उपाध्यक्षमा विजयी हुनुभएको थियो । यसै शिलशिलामा सचिवमा ६५४ मत ल्याउँदै राम उद्गार यादव विजयी हुनु भएको थियो भने कोषाध्यक्षमा ६९४ मत ल्याएर हार्दिक गोयल निर्वाचित हुनुभएको थियो ।

सदस्यहरूमा बिडिएस तर्फ अर्जुन यादव १४२ मत, विजय कुमार यादव १२० मत, सुदिप सोनी ११५ मत ल्याई विजयी हुनुभएको थियो । नर्सिङ्ग तर्फ गोत्री नाथ १०० मत तथा सकृला घले गुरुङ ९७ मत ल्याई विजयी हुनुभएको थियो । एलाइड साइन्स तर्फ सतरोहन यादव ४६ मत ल्याई विजयी हुँदै गर्दा एमपिएच तर्फ जीवन नारायण कुमार चौहान र बेसिक साइन्स (नर्सिङ बाहेक) तर्फ रचना पुरी निर्विरोध निर्वाचित हुनुभएको थियो । त्यसैगरी, जुनियर रेजिडेन्ट तर्फको सदस्यहरुमा डा. तरन्नुम वानो, डा. विष्णु खरेल र डा. अमोल कुमार यादव निर्विरोध निर्वाचित हुनुभएको थियो भने एमबिबिएस तर्फको सदस्यहरुमा भविष्य विष्ट ३ सय ३३ मत, सन्दीप बिक ३ सय २० मत, यतेन्द्र यादव २ सय ८४ मत, प्रवीण भट्टराई २ सय ४६ मत प्रतिभा यादव २ सय ७३ मत र मो. असररुल अन्सारी २ सय ४४ मत ल्याई विजयी हुनुभएको थियो ।



प्रतिष्ठानका तर्फबाट नवनिर्वाचित पदाधिकारी तथा सदस्यहरुको २०८१ कार्तिक ७ गते प्रतिष्ठानको अडिटोरियममा पदस्थापना तथा सपथग्रहण कार्यक्रमको आयोजना गरिएको थियो । कार्यक्रममा शिक्षाध्यक्ष प्रा.डा. शर्माज्यू, रजिष्ट्रार प्रा.डा. सूर्य प्रसाद संग्रौलाज्यू डीन, शैक्षिक प्रा.डा. शिवेन्द्र झा, डीन, परीक्षा प्रा.डा. कृष्णा पोखरेल, निर्वाचन समितिका अध्यक्ष तथा सदस्यहरू, शिक्षक, कर्मचारी, विधार्थीहरुको उपस्थित रहेको थियो । कार्यक्रममा विजयी उमेद्वारहरुलाई खादा, अबिर सहित निर्वाचित भएको प्रमाणपत्र प्रदान गरिएको थियो ।

## प्रतिष्ठानमा Mediquiz Nepal 2024 सम्पन्न

प्रतिष्ठानमा २०८१ कार्तिक ३० देखि मंसिर १ सम्म राष्ट्रियस्तरको दुई दिने अन्तर मेडिकल कलेज हाजिरी जवाफ प्रतियोगिता (National Inter-medical School Quiz - Mediquiz Nepal 2023) सफलतापूर्वक सम्पन्न भएको छ । प्रतिष्ठानको सहयोग तथा BPKIHS Students Blood Donation Committee (BDC) को आयोजनामा सम्पन्न उक्त प्रतियोगितामा प्रतिष्ठान लगायत देशभरका विभिन्न मेडिकल कलेजहरुका तीस जना विद्यार्थीहरुको सहभागिता रहेको थियो भने प्रत्येक समुहमा तीन जना रहने गरी सहभागीहरुलाई दश वटा समुहमा विभाजन गरिएको थियो ।

प्रतिष्ठान लगायत विभिन्न मेडिकल कलेजका शिक्षक विद्यार्थीहरुको उल्लेख्य रुपमा उपस्थिती रहेको उक्त कार्यक्रमको प्रमुख अतिथि प्रतिष्ठानका शिक्षाध्यक्ष प्रा.डा. संजिव कुमार शर्मा हुनुहुन्थ्यो भने विशिष्ट अतिथिमा प्रतिष्ठानका डीन, शैक्षिक प्रा.डा. शिवेन्द्र झा हुनुहुन्थ्यो ।



प्रतिष्ठानको अडिटोरियममा सम्पन्न उक्त प्रतियोगिता कार्यक्रमको पहिलो दिन "Open Written Round" को आयोजना गरिएको थियो । व्यक्ति-व्यक्ति बीचको उक्त प्रतिष्प्रर्धामा विराट मेडिकल कलेज टिचिङ्ग हस्पिटलका डा. सज्जद अहमेद खान विजयी हुनु भएको थियो । दोश्रो दिनको प्रतियोगितालाई Single Response Round, Open Ended Round, Rapid Fire Round तथा Audio Visual Round गरी चार चरणमा विभाजित गरिएको थियो । प्रत्येक चरणको समाप्ती पश्चात सबैभन्दा कम अंक प्राप्त गर्ने समुह प्रतियोगिताबाट बाहिरिंदै जाने प्रकृया अनुरुप अन्तिममा बाँकी रहेका चार समुह मध्य नेपाल सैनिक स्वास्थ्य विज्ञान प्रतिष्ठानले प्रथम, वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको Team – A ले दोश्रो र मनिपाल कलेज अफ मेडिकल साइन्सेजले तेश्रो स्थान हासिल गरेको थियो ।

प्रा.डा. रिता खड्काको अध्यक्षतामा सम्पन्न उक्त प्रतियोगिता कार्यक्रमको निर्णायक मण्डलमा प्रा.डा. माधव लम्साल, प्रा.डा. रोबिन मास्के, प्रा.डा. रबिन भण्डारी, प्रा.डा. सरुन कोइराला तथा डा. श्याम काफ्ले रहनुभएको थियो । प्रतियोगितामा सोधिएको प्रश्नहरुको रुजु डा. श्रद्धा सिवाकोटी तथा डा. लक्ष्मण खनालले गर्नु भएको थियो । प्रतियोगिताको Quiz Master रहनुभएकी डा. मोना दाहालले कार्यक्रमको संचालन गर्नुभएको थियो ।



प्रतियोगितामा विजयी प्रथम, दोश्रो र तेश्रो टोलीलाई नगद पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरिएको थियो भने सहभागि सबै प्रतिस्पर्धीहरुलाई प्रमाणपत्र तथा उपहारहरु प्रदान गरिएको थियो । शिक्षाध्यक्षज्यूले प्रतियोगितामा सफल भएको टोलीका विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

# प्रतिष्ठानका शिक्षक / कर्मचारी/ विद्यार्थीहरुले प्रकाशित गरेका विशिष्ट शोधपत्र/शोधकार्यहरु बारे स्तम्भ प्रकाशन शुरु

प्रतिष्ठानको मुखपत्रको रुपमा प्रकाशित हुँदै आएको सेरोफेरो बुलेटिनले यस अंकदेखि प्रतिष्ठानका शिक्षक/ कर्मचारी/विद्यार्थीहरुले प्रकाशित गरेका विशिष्ट शोधपत्र/शोधकार्यहरुको बारेमा जानकारी दिन र स्वास्थ्य अनुसन्धानको क्षेत्रमा सम्बन्धित सबैलाई अभिप्रेरित गर्ने उद्देश्यले यो स्तम्भ शुरु गरेका छौ । यस क्रममा २०८१ श्रावण महिना यता देखि प्रकाशित शोधपत्रहरुलाई क्रमिक रुपमा सेरोफेरोको आगामी अंकहरुमा समावेश गरिने छ । उक्त स्तम्भमा आफ्नो शोधपत्र प्रकाशित गर्न इच्छुक हुनुहुने महानुभावहरुले Indexed Journal मा प्रकाशित भएको आफ्नो शोधपत्रको Abstract र सो शोधपत्रको Summary यस केन्द्रको ईमेल: info.bpkihs@bpkihs.edu मा पठाइ दिनुहुन हार्दिक अनुरोध गर्दछौ । पहिलो पटक यो स्तम्भ प्रकाशित हुँदै गर्दा उक्त भूमिका लेख्न जरुरी भएको सम्झी लेखेका छौ तर आगामी अंक देखि भूमिका बिनाको निम्नानुसारको ढाँचामा स्तम्भ प्रकाशित हुने जानकारी गराउँदछौ ।

**प्रतिष्ठानका शिक्षक/ कर्मचारी/ विद्यार्थीहरुले प्रकाशित गरेका विशिष्ट शोधपत्र/शोधकार्यहरु**

| S N | Title of Research | Uni/Multi Centred Study | Aurhor/s involved | Involved Dept. of BPKIHS | Journal Name | Date of Publication |
|---|---|---|---|---|---|---|
| 1 | Global treatment of heamorrhoids – A worldwide snapshot audit conducted by the International Society of University Colon and Rectal Surgeons. | Multi centred | Prof.Dr. Rakesh K. Gupta/Dr.Bhawani Khanal/Dr.Abhijeet Kumar/Dr.Bikash Sah | Surgery | Colorectal Disease | 21st Aug., 2024 |
| 2 | Peritoneal flap hernioplasty for large ventral hernias: A systemic review and metanalysis. | Uni centred | Dr.Parbat R. Regmi/ Dr.Vijay P. Sah/ Dr.Bhawani Khanal/ Dr.Abhijeet Kumar/ Prof.Dr. Rakesh K. Gupta | Surgery | Hernia | 16th Nov. 2024 |
| 3 | Colchicine in acute myocardial infraction. | Multi centred | Prof. Dr. Sanjib Kumar Sharma | Internal Medicine | The New England Journal of Medicine | 17th Nov. 2024 |
| 4 | Routine Spironolactone in Acute Myocardial Infarction. | Multi centred | Prof. Dr. Sanjib Kumar Sharma | Internal Medicine | The New England Journal of Medicine | 17th Nov. 2024 |

**Dengue treatment report from BPKIHS for the month Asoj - 2081**

| | |
|---|---|
| Total test: | 931 |
| NS1 Positive: | 30 |
| IgM Positive: | 75 |
| IgG Positive: | 351 |
| Hospital Admission: | 18 |
| Hospital Death: | 0 |

*Ward of Dharan with the highest no. of case: Ward No. - 17*

***Source: Hospital Administration***
***Parepared by Information & Communication Center***

**Dengue treatment report from BPKIHS for the month Kartik - 2081**

| | |
|---|---|
| Total test: | 656 |
| NS1 Positive: | 28 |
| IgM Positive: | 36 |
| IgG Positive: | 145 |
| Hospital Admission: | 10 |
| Hospital Death: | 0 |

Ward of Dharan with the highest no. of case: Ward No. - 18

***Source: Hospital Administration***
***Parepared by Information & Communication Center***

## जानकारी

विषेश कारणवश ओपीडी, वार्ड, ओटी, डेङ्गु उपचार आदि लगायतको गत मंसिर महिनाको तथ्यांकहरु यस अंकमा प्रकाशन गर्न नसकिएको ब्यहोरा अनुरोध गर्दै आगामी अंकमा उक्त तथ्यांकहरु प्रकाशन गर्ने छौ भनि समेत अनुरोध गर्दछौ ।

- **सूचना तथा सञ्चार केन्द्र**

# अनिवार्य अवकाश प्राप्त शिक्षक कर्मचारीहरुको संक्षिप्त चिनारी बारे स्तम्भ प्रकाशन शुरु

प्रतिष्ठानको मुखपत्रको रुपमा प्रकाशित हुँदै आएको सेरोफेरो बुलेटिनमा यस अंकदेखि बि.सं. २०८१ साल यता प्रतिष्ठानबाट अनिवार्य रुपमा अवकाश प्राप्त गर्नुभएका शिक्षक, कर्मचारीहरुको संक्षिप्त चिनारी दिने प्रयास स्वरुप यो स्तम्भ प्रारम्भ गरेका छौ । अवकाश प्राप्त भएको मितिको अग्रताको आधारमा एकजना शिक्षक/कर्मचारीको क्रमागत रुपमा संक्षिप्त चिनारी दिने प्रयत्न गर्नेछौ । पहिलो पटक यो स्तम्भ प्रकाशित हुँदे गर्दा उक्त भूमिका लेख्न जरुरी सम्झी लेखेका छौ । आगामी अंक देखि भूमिका बिनाको निम्नानुसारको ढाँचाको स्तम्भ प्रकाशित हुने जानकारी समेत गराउँदछौ ।

## अनिवार्य अवकाश प्राप्त शिक्षक/ कर्मचारी



### प्रा.डा. निर्मल बरालः संक्षिप्त चिनारी

बि.सं. २०१६ असार १८ गते जन्मनु भएका प्रा.डा. निर्मल बराल प्रतिष्ठानमा बि.सं. २०५० श्रावण ८ गते जुनियर रेसिडेन्ट पदमा करार सेवा अन्तर्गत नियुक्त भई सेवा प्रवेश गर्नु भएको हो । प्रतिष्ठानमा आफ्नो ३० वर्ष ११ महिना ९ दिनको कार्यकाल पुरा गर्दै गर्दा वहाँले बायोकेमेष्ट्री विभागको प्राध्यापक तथा विभागीय प्रमुखसम्मको कार्यभार सम्हाल्नु भयो भने प्रतिष्ठानको डीन, परीक्षाको हैसियतले समेत सफलतापूर्वक जिम्मेवारी सम्हाल्नु भएको थियो ।

नेतृत्वदायी भूमिका निर्वाह गर्नसक्ने, मिलनसार र सहयोगी प्रवृत्तीका प्रा.डा. बराललाई प्रतिष्ठान परिवार सदैव याद गर्दै वहाँको अवकाशप्राप्त जीवन सुखमय तथा आरामदायी रहोस् भनि कामना गर्दछ ।

## ALUMNI OF BPKIHS

### डा. सत्यदीप भट्टाचार्यः एक परिचय



डा. सत्यदीप भट्टाचार्य प्रतिष्ठानको एम.बि.बि.एस. सन् १९९९ ब्याचका विद्यार्थी हुनुहुन्छ । एम.बि.बि.एस. अध्ययन पश्चात् काठमाण्डौको वीर अस्पतालमा मेडिकल अफिसरका हैसियतले सन् २००५ देखि सन् २००६ सम्म कार्य गरी अध्ययनको शिलशिलामा वहाँ अमेरिकाको बोष्टोन स्थित St. Elizabeth's Medical Center मा सन् २००७ मा आबद्ध भई ACGME Accredited Residency in General Surgery गर्नुभयो । सो अध्ययन पश्चात् बोष्टोनमै अवस्थीत Tufts University School of Medicine मा Clinical Associate का हैसियतले आबद्ध हुनभयो । वहाँले सन् २०१२ देखि २०१३ सम्ममा Warren Alpert School of Medicine बाट ACGME Accredited Fellowship in Colon and Rectal Surgery तथा Teaching Fellow in Colorectal Surgery गनुभयो ।

वहाँले आफ्नो अमेरिका बसाईको क्रममा Southern Illinois Medical Services मा Colorectal and General Surgeon; Southern Illinois University School of Medicine मा Associate Program Director of General Surgery Residency Program तथा AT Still University मा Adjunct Clinical Preceptor का हैसियतले विभिन्न समयमा कार्य गर्नुभयो ।

अमेरिका बसाई पश्चात वहाँ नेपाल फर्कर सन् २०१८ देखि २०२१ सम्म ललितपुर स्थित निदान अस्पताल र नेपाल क्यान्सर हस्पिटल तथा अनुसन्धान केन्द्रमा Senior Consultant Colorectal and General Surgeon को हैसियतले सेवा दिनुका साथै सन् २०१८ देखि २०२२ सम्म नर्भिक इन्टर्नेशनल हस्पिटलसँग र सन् २०२१ देखि २०२३ सम्म स्टार हस्पिटलसँग आबद्ध भई २०२१ देखि हलासम्म General Surgeon का हैसियतले अमेरिकाको Southern Illinois Healthcare र ललितपुर स्थित नेपाल मेडिसिटी हस्पिटलमा Senior Consultant को हैसियतले कार्यरत हुनुहुन्छ । त्यसैगरी सन् २०२२ देखि नेशनल बोर्ड अफ मेडिकल स्पेसियालिटिजमा Senior Faculty; Mentor, सन् २०२३ देखि CIWEC Hospital र Center for American Medical Specialists, Kathmandu तथा Nepal Cancer Hospital and Research Center मा कार्यरत हुनुहुन्छ ।

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय विभिन्न पुरस्कारबाट सम्मानित वहाँले स्वास्थ्य सम्बन्धी प्रशस्त लेख रचना आदि प्रकाशित गरी अनुसन्धानको क्षेत्रमा समेत योगदान पुऱ्याउनु भएको छ ।

वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानका पूर्व विद्यार्थी डा. भट्टाचार्यले यसरी राष्ट्रिय/अन्तर्राष्ट्रिय मञ्चमा चिकित्सा शिक्षा र सेवाको क्षेत्रमा पाएको उपलब्धी र लोकप्रियताले प्रतिष्ठानको समेत ख्याति फैलाउन सहयोग पुऱ्याएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्ज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।

# OT Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | | Prof.Dr.Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju |
| | | Dr.Sangeeta Shah | | | | |
| Orthopedics | TEAM – C | Rotation | TEAM – B | Rotation | TEAM - A | Rotation |
| | Prof.Dr. Bikram Psd. Shrestha | | Prof.Dr. Rajiv Maharjan | | Prof.Dr. Raju Rijal | |
| | Dr. Jitendra Shah | | Dr. Yam Bahadur Gurung | | Dr. Ashish Pandey | |
| | Dr. Pramod Baral | | Dr. Rosan P. Sah Kalawar | | Dr. Dipendra Mishra | |
| | | | | | | |
| General Surgery | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | |
| | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | |
| | Dr.Rajesh Psd. Sah | Dr.Vijay Shrestha | Dr. Abhijeet Kumar | Dr.Vijay Shrestha | Dr. Abhijeet Kumar | |
| | Dr. Abhijeet Kumar | | Dr.Bhawani Khanal | | Dr.Alok Dahal | |
| | Dr.Bhawani Khanal | | Dr.Samir Chaudhary | | Dr.Bhawani Khanal | |
| | Dr.Samir Chaudhary | | | | Dr.Samir Chaudhary | |
| GI Surgery | | Prof.Dr.Shailesh Adhikary | | Prof.Dr.Shailesh Adhikary | | |
| | | Dr.Kunal Bikram Deo | | Dr.Kunal Bikram Deo | | |
| CTVS | | Dr.Lokesh S, Jaiswal | | Dr.Lokesh S. Jaiswal | | |
| | | Dr.Bijay Sah | | Dr.Bijay Sah | | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof.Dr. Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri |
| | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr.Shankar P. Shah | Dr.Shankar P. Shah | Dr.Shankar P. Shah |
| | Dr. Suban Bhandari | Dr. Suban Bhandari | Dr. Suban Bhandari | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra |
| Dermatology& Venereology | Dr.Nidhi Shah | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal | Dr.Prajwal Pandey | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal |
| Obstetrics &Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Baburam Dixit Thapa | Dr.Achala Thakur | |
| | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Tulasa Basnet | | |
| | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | | | |

***Prepared by: Information and Communication Center*** ***Source: Hospital Administration/Concerned Departments***

# Paying OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Psychiatry | Dr. Sanjeev Kumar Mishra | Dr. Suren Limbu | Prof.Dr. Dhana Ratna Shakya | Dr. Suraj Nepal | Prof.Dr. Dhana Ratna Shakya | Dr. Suraj Nepal |
| Orthopaedics | Prof.Dr. Raju Rijal | Prof.Dr. Rajiv Maharjan | Prof.Dr. Bikram Psd. Shrestha | Prof.Dr. Raju Rijal | Prof.Dr. Bikram Psd. Shrestha | Dr. Jitendra Shah |
| | Dr. Ashish Pandey | Dr. Yam Bahadur Gurung | Dr. Jitendra Shah | Dr. Ashish Pandey | Prof.Dr. Rajiv Maharjan | Dr. Pramod Baral |
| | Dr. Dipendra Mishra | | Dr. Pramod Baral | Dr. Dipendra Mishra | Dr. Yam Bahadur Gurung | |
| | | | | | | |
| Internal Medicine | Dr. Bhupendra Shah | Prof. Dr. Robin Maskey | Prof. Dr. Robin Maskey | Prof. Dr. Robin Maskey | Prof. Dr. Robin Maskey | Dr. Bhupendra Shah |
| | Sonali Nayak | Dr. Bhupendra Shah | Dr. Bhupendra Shah | Dr.Bhupendra Shah | Dr.Bhupendra Shah | Ranjit K. Das |
| | Dr. Rajit K. Das | Dr. Sonali Nayak | Dr. Ranjit K. Das | Dr. Ujjwal Risal | Dr. Ujjwal Risal | Dr. Avinash Rai |
| | Dr. Avinash Rai | Dr. Ujjwal Risal | Dr. Avinash Rai | Dr. Avinash Rai | | |
| Cardiology | Dr. Navin K. Pandey | Dr. Navin K. Pandey | Dr. Navin K. Pandey | Dr. Navin K. Pandey | Dr. Navin K. Pandey | |
| Gastroenterology | Prof.Dr. Bickram Pradhan | | Prof.Dr. Bickram Pradhan | | Prof.Dr. Bickram Pradhan | |
| | Dr. Sandip Raj Bajracharya | Dr. Sandip Raj Bajracharya | Dr. Sandip Raj Bajracharya | Dr. Sandip Raj Bajracharya | Dr. Sandip Raj Bajracharya | |
| Pulmonary, Critical Care and Sleep Medicine | Dr. Rejina Shahi | Dr. Rejina Shahi | Dr. Rejina Shahi | Dr. Rejina Shahi | Dr. Rejina Shahi | |
| General Surgery | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/Dr.Sures P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Abhijeet Kumar// Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle |
| GI Surgery | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary |
| | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo |
| CTVS | Dr. Lokesh Shrekhar Jaiswal | Dr. Lokesh Shrekhar Jaiswal | Dr. Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal |
| | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah |
| ENT | Dr.Shankar P. Sah | Dr.Sudeep Mishra | Dr.Deepak Paudel | Dr.Paras Raj Amatya | Dr.Shyam Thapa Chettri | |
| Dermatology& Venereology | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | |
| GP & Emergency Medicine | Dr.Rajani Giri | Dr.Rabin Bhandari | Dr.Rabin Bhandari | Dr.Ashok Yadav | Dr.Ajay K. Yadav | Doctors will be available as per the departmental instructions |
| | Dr.Ajay K. Yadav | Dr.Masum Paudel | Dr.Masum Paudel | Dr.Pramendra P. Gupta | Dr.Ritesh Chaudhary | |
| | Dr.Ritesh Chaudhary | Dr.Ashok Yadav | Dr.Rajani Giri | Dr.Bajaya Devi Aryal | Dr.Vijay K. Shrivastaw | |
| | Dr.Bijaya Devi Aryal | Dr.Pramendra P. Gupta | Dr.Vijaya K. Shrivastaw | | | |
| Obstetrics & Gynaecology | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Achala Thakur | Dr.Achala Thakur | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa |
| | Dr.Punita Yadav | Dr. Manoj Kumar Sah | Dr.Surya Psd. Rimal | Dr.Jyotsna Yadav | Dr.Ramesh Shrestha | |
| Paediatrics | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh | Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Dr.Shipra Chaudhary/ Dr.Shankar P Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh hatt |

***Prepared by: Information and Communication Center*** ***Source : Hospital Administration/Concerned Departments***

## OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Samiksha Bhattarai | Dr. Samiksha Bhattarai | Dr. Sangeeta Shah | Prof. Dr. Poonam Lavaju | Dr. Samiksha Bhattarai |
| | Dr. Sangeeta Shah | | | | Dr. Sangeeta Shah | |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof.Dr. Dhana Ratna Shakya | Dr. Madhur Basnet | Dr. Rinku Gautam Joshi | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr.Sanjeev Kumar Mishra | Dr. Rinku Gautam Joshi |
| | Dr. Suren Limbu | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr. Rajesh Kumar (Psychology) | Dr. Suraj Nepal |
| | Dr. Rajesh Kumar (Psychologist) | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod K. Deo (Psychology) | | Dr. Binod Kumar Deo (Psychology) |
| Orthopaedics | Prof.Dr. Raju Rijal | Prof.Dr. Rajiv Maharjan | Prof.Dr. Bikram Prasad.Shrestha | Prof. Dr.Raju Rijal | Prof.Dr. Rajiv Maharjan | Prof.Dr. Bikram Prasad.Shrestha |
| | Dr. Ashish Pandey | Dr. Yam Bahadur Gurung | Dr. Jitendra Shah | Dr. Ashish Pandey | Dr. Yam Bahadur Gurung | Dr. Jitendra Shah |
| | Dr. Dipendra Mishra | Dr. Rosan P. Sah Kalawar | Dr. Pramod Baral | Dr. Dipendra Mishra | Dr. Rosan P. Sah Kalawal | Dr. Pramod Baral |
| Internal Medicine | Prof.Dr. Sanjib Kumar Sharma | Prof. Dr. Robin Maskey | Prof.Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Prof. Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhuendra Shah | Dr. Avinash Rai | Dr. Bhuendra Shah | Dr. Rajiv Sharma | Dr. Avinash Rai | Dr. Rajiv Sharma |
| | Dr. Sonali Nayak | Dr. Ranjit K. Das | Dr. Sonali Nayak | | Dr. Ranjit K. Das | |
| | Dr. Ujjwal Risal | | Dr. Ujjwal Risal | Dr. Sonali Nayak | | |
| Cardiology | | Dr. Navin Kumar Pandey | | Dr. Navin Kumar Pandey | | Dr. Navin Kumar Pandey |
| Gastroenterology& Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr.Denish Piyush | | | Dr.Denish Piyush | |
| | | Dr. Sandip Bajracharya | | | Dr. Sandip Bajracharya | |
| Pulmonology, Critical Care and SleepMedicine | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | |
| | Dr. Rejina Shahi | | Dr. Rejina Shahi | | | |
| General Surgery | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah | Dr. Vijay Shrestha | Dr. Rajesh Prasad Sah |
| | | Dr. Abhijeet Kumar | | Dr. Abhijeet Kumar | | Dr. Abhijeet Kumar |
| | | Dr. Alok Dahal | | Dr. Alok Dahal | | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle |
| GI Surgery | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| CTVS | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari |
| | `Dr.Shankar P. Shah | `Dr.Shankar P. Shah | `Dr.Shankar P. Shah | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Deepak Paudel |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Suban Bhandari | Dr. Suban Bhandari | Dr. Suban Bhandari |
| | | | | | | |
| Dermatology& Venereology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | | | Dr. Prajwal Pandey | |
| General Practice & Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | As per Rotation |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics & Gynaecology | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dixit) Thapa | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| Pediatrics& Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Prof. Dr. Gauri S. Shah | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | Dr. Basant Rai | Dr. Shipra Chaudhary | Dr. Mukesh Bhatta | Dr. Lokraj Shah | Dr. Subash Basnet | Dr. Arun Kumar Singh |
| | Dr. Mukesh Bhatta | Dr. Ramesh P. Das | Dr. Subash Basnet | Dr. Arun Kumar Singh | | Dr. Ramesh P. Das |
| | Dr. Subash Basnet | | Dr. Ramesh P. Das | Dr. Ramesh P. Das | | |

***Prepared by: Information and Communication Center*** ***Source : Hospital Administration/Concerned Departments***

## Status of Operations done in Asoj/Kartik - 2081

| Types of OT | Major | | Intermediate | | Minor | | Total Asoj/Kartik |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| | Asoj/Kartik | | Asoj/Kartik | | Asoj/Kartik | | Asoj/Kartik |
| Routine | 263/269 | 239/278 | 19/10 | 39/53 | 74/102 | 52/67 | 686/779 |
| Obst. & Gynae | 294/284 | 27/33 | 4/1 | 0/0 | 66/59 | 10/15 | 401/392 |
| Emergency | 92/92 | 0/0 | 42/24 | 0/0 | 12/19 | 0/0 | 146/135 |
| Day Care | 0/0 | 0/0 | 7/5 | 13/18 | 66/85 | 40/68 | 126/176 |
| Derma * | 328/414 | 52/78 | 0/0 | 0/0 | 268/210 | 32/29 | 680/731 |
| **Total** | **977/1059** | **318/389** | **72/40** | **52/71** | **486/475** | **134/179** | **2039/2213** |

| | |
|---|---|
| General OT : 1535/1574 | *Number of safe abortion care service done : 25/23* |
| Paying OT: 504/639 | *Number of cases done in Cardiac Catheterization Laboratory: 102/110* |

** Asthetic procedures included in minor: 68/ 44*

***Prepared by Informtion and Communication Center*** ***Source: Hospital Administration***

## सम्पादन समूह

प्रा.डा. अन्जु प्रधान, प्रवक्ता

डा. अभिजीत कुमार, सह-प्रवक्ता

निरज पोखेल, एड्मिनिष्ट्रेटिभ असिष्टेन्ट

सूचना तथा सञ्चार केन्द्र

फोन नं.:०२५-५२५५५५-४०००/२०९२

info.bpkihs@bpkihs.edu

spokesperson.bpkihs@bpkihs.edu